नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक ६१ | २०७९ साल असोज १२ गते बुधबार (28 Sep 2022 Wednesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : विश्व पर्यटन दिवस नेपालमा... ३ पृष्ठमा : आकासियो अमेरिकी डलरका... ३ पृष्ठमा : शाहरूख खानविरुद्धको ...

## जसपाद्धारा राष्ट्रपतिको पुतला दहन



**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

राष्ट्रपती विद्यादेवी भण्डारीले चालेको कदम असंवैधानिक भएको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल निकटका वर्गिय संगठनहरुले संयुक्तरुपमा मंगलबार राजविराजमा प्रर्दशन र पुत्ला दहन गरेका छन् ।

संघिय संसदको दुबै सभाबाट पारित भई प्रमाणिकरणका लागी पुगे पनि राष्ट्रपतीले रोकेको विरोधमा राजविराजमा प्रर्दशनसहित राष्ट्रपतिको पुत्ला दहन गरिएको हो ।

स्थानीय शिवमन्दिर परिसरबाट पुत्लासहित निस्केको जुलुश राष्ट्रपती विरुद्ध चर्को नाराबाजी गर्दै शहिद दशन चौक पुगेपछी पुत्ला दहन गर्दै विरोध सभामा परिणत भएको थियो ।

पुत्ला दहन गर्ने क्रममा जसपाका जिल्ला अध्यक्ष शिवम यादवको हातमा अचानक आगो लाग्दा उनी घाईते भएका छन् । पुत्ला दहनको क्रममा प्रहरीले हस्तक्षेप गर्न खोज्दा प्रर्दशनकारी संग समान्य घम्साघम्सी समेत

***बाँकी दुई पृष्ठमा***

## पर्यटन वर्ष २०२२ को शुभारम्भ




**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

स्वदेशी तथा विदेशी अतिथीहरुको स्वागत तथा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरी सप्तरीका होटल तथा पर्यटन व्यवसायीले विश्व पर्यटन वर्ष २०२२ को शुभारम्भ गरेका छन् ।

होटल तथा पर्यटन व्यवसायी संघ सप्तरीको अगुवाईमा मंगलवार भारतीय पर्यटक भित्रीने प्रवेशद्वार भारदहस्थित प्रसिद्ध शक्तीपीठ कंकालिनी भगवती मन्दिर तथा राजविराज विमानस्थलमा आईपुगेका स्वदेशी एवं विदेशी पाहुनालाई स्वागत गरेर पर्यटन वर्ष २०२२ को शुभारम्भ गरिएको हो ।

यस अवसरमा सप्तरी उधोग बाणिज्य संघको सभाकक्षमा शुभकामना आदान प्रदान कार्यक्रम समेत आयोजना गरिएको छ ।

सो कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागी मास्टर प्लान बनाएर बिकास गर्न सकिने बताएका छन् ।

उनले जिल्लाको पर्यटन क्षेत्रको बिकासका लागि धार्मिक पर्यटन क्षेत्रहरूको होडिंग बोड राखी ब्याप प्रचार प्रसार, पर्यटकहरूको ब्यबस्थित बसोवास गरी सबैको समन्वयमा पर्यटन क्षेत्रको बिकास गर्न सकिने उल्लेख गरे ।

होटल तथा पर्यटन

***बाँकी दुई पृष्ठमा***

## आजदेखि निर्वाचन आचारसंहिता लागू हुने

काठमाडौँ, ११ असोज (रासस) ।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि यही असोज १२ गते बुधबारदेखि निर्वाचन आचारसंहिता, २०७९ लागू गर्ने भएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सो जानकारी दिँदै आचारसंहिताको कार्यान्वयन र पालना गर्न सबैको सहयोगको अपेक्षा गरिएको बताउनुभयो । आयोगले गत भदौ १३ गते उक्त आचारसंहिता नेपाल राजपत्रमा प्रकाशन गरेको थियो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयमुक्त र पारदर्शी वातावरणमा सम्पन्न गर्नका लागि आयोगले आचारसंहिता जारी गर्ने गरेको छ ।

आचारसंहितामा दलहरु, उम्मेदवार, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी, कर्मचारी, सञ्चारमाध्यम र विभिन्न निकायहरुले पालना गर्नुपर्ने दायित्व निर्धारण गरिएको छ । निर्वाचनका लागि समानुपातिकतर्फको बन्द सूची पेस गर्ने कार्यक्रम सम्पन्न भइसकेको छ ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# विश्व पर्यटन दिवस नेपालमा यसरी मनाइँदैछ

**सिबी अधिकारी**
काठमाडौँ, ११ असोज (रासस)।
मंगलबार सेप्टेम्बर २७ अर्थात् ४३औँ विश्व पर्यटन दिवस नेपालमा पनि विविध कार्यक्रमको आयोजना गरी मनाइँदैछ। कोभिड-१९ महामारीले शिथिल बनेको मुलुकको पर्यटन क्षेत्रलाई चलायमान बनाउन पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रमसहित दिवस मनाउन लागिएको हो।

'रिथिङकिङ टुरिज्म' भन्ने नाराका साथ कोभिडपछिको पर्यटन पुनरुत्थानलाई प्रभावकारी बनाउने उद्देश्यले नेपालमा दिवस मनाउन लागिएको नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले बताउनुभयो। दिवसका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र मातहत निकाय तथा सरोकारवाला संस्थाले विभिन्न कार्यक्रम गरी दिवस मनाएका हुन्। दिवस भव्यरूपमा मनाउन पर्यटनमन्त्रीको अध्यक्षतामा ४३औँ विश्व पर्यटन दिवस मूल समारोह समिति गठन गरिएको छ।

काठमाडौँ, पोखरा, लुम्बिनीलगायतका पर्यटकीय गन्तव्यमा विभिन्न कार्यक्रमको आयोजना गरी दिवस मनाइएको निर्देशक लामिछानेले जानकारी दिनुभयो। दिवसको अवसरमा बिहान राजधानी काठमाडौँको पर्यटकीय क्षेत्र ठमेलमा प्रभातफेरी आयोजना गरिएको छ। ठमेल पर्यटन विकास परिषद्को अगुवाइमा विभिन्न पर्यटन क्षेत्रका संस्था प्रभातफेरीमा सहभागी छन्।

यस्तै बिहान ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) को अगुवाइमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो उडानमा आउने विदेशी पर्यटकलाई स्वागत गरिएको थियो। नेपाल पर्यटन बोर्ड र काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिकोको सहकार्यमा कागेश्वरीधाम वडा नं १ स्थित गागलफेदीमा वृक्षरोपण एवं सरसफाइ कार्यक्रम आयोजना गरिएको छ। त्यहाँ पर्यटन मन्त्रालय, मातहत निकाय तथा बोर्डका उच्च अधिकारी, पर्यटन क्षेत्रका अगुवा संस्थाका प्रमुख एवं प्रतिनिधिको सहभागिता रहेको बोर्डले जनाएको छ।

दिउँसो बोर्डको सभाहलमा औपचारिक समारोह आयोजना हुने र त्यहाँ सबैभन्दा बढी पर्यटक भित्र्याउने कम्पनीलाई सम्मान गरिने कार्यक्रम छ। 'सबैका लागि पर्यटनः पहुँचयोग्य विश्वव्यापी पर्यटनको प्रवर्द्धन' नारासहित हरेक वर्ष सेप्टेम्बर २७ मा विश्व पर्यटन दिवस मनाइन्छ। दिवसकै अवसरमा नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले रक्तादान, फुटसल र बुङ्गमतिमा सम्पदा यात्रा कार्यक्रम गरिएको छ।

कोभिडपछिको पर्यटन पुनरुत्थान कार्यक्रमलाई प्रभावकारी बनाउन सरकार र व्यवसायीबीचको साझेदारितालाई फराकिलो बनाएर पर्यटन विकास गर्न दिवसले प्रोत्साहन गर्ने नेपाल पर्वतारोहण सङ्घका महासचिव मोहन लम्सालले बताउनुभयो। उहाँले पर्यटन क्षेत्रलाई चलायमान बनाउन प्रकृति, साहसिक र सांस्कृतिको आधारमा नेपालको पर्यटनलाई विश्वबजारमा प्रवर्द्धन गर्न जरुरी रहेको उल्लेख गर्नुभयो।

टानका अध्यक्ष निलहरि बाँस्तोलाले पर्यटन क्षेत्रको चाँडो पुनरुत्थान गर्न योजनाबद्ध कार्यक्रम ल्याइनुपर्ने भन्दै पर्यटन चलायमान भएको सन्देश दिन दिवस सान्दर्भिक हुने धारणा राख्नुभयो। कोभिड महामारीले पछिल्ला दुई वर्षमा उल्लेख्य सङ्ख्यामा पर्यटक आउन सकेनन्। पर्यटन बोर्डको तथ्याङ्कानुसार सन् २०२१ मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटक नेपाल आएका छन्। कोभिडपूर्व अर्थात् सन् २०१८ र सन् २०१९ मा समान १२ लाख हाराहारी विदेशी पर्यटक नेपाल भित्रिएका थिए। पछिल्लो सन् २०२२ को आठ महिनामा तीन लाख बढी विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन्। कोभिडपछि अहिले पर्यटन क्षेत्र पुनरुत्थानको लयमा रहेको छ। पर्यटकीय गतिविधि बढेका छन्। विदेशी पर्यटक आगमन पनि सुधारोन्मुख छ।

यसैबीच सरकारले पर्यटन क्षेत्रलाई चलायमान बनाउन नेपाल भ्रमण दशक मनाउने निर्णय गरेको छ। हालैको मन्त्रिपरिषद्को बैठकले सन् २०२३ देखि २०३३ लाई भ्रमण दशकका रूपमा मनाउने निर्णय गरेको हो।

यसअघि सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाएर उक्त अवधिमा २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको थियो। तथापि कोभिड महाकारीका कारण भ्रमण वर्ष स्थागन भएको थियो। कोभिडले सबैभन्दा बढी प्रभावित बनेको पर्यटन उद्योगको प्रवर्द्धनका लागि निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी भ्रमण दशकका रूपमा मनाएर विदेशी पर्यटक आवागमनमा बढोत्तरी गर्ने सरकारको उद्देश्य छ।

# निर्वाचन आचारसंहिता कार्यान्वयन आयोगको निर्देशन

काठमाडौँ, ११ असोज (रासस)।
निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०७९ को सम्पूर्ण व्यवस्था कार्यान्वयन गराउन विभिन्न व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिएको छ। आयोगले मंगलबार एक विज्ञप्ति जारी गर्दै बुधबारदेखि लागू हुने सो आचारसंहिता कार्यान्वयन गराउन ती व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिइएको जनाएको छ।

आयोगले नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, सवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई आचारसंहिता कार्यान्वयन गर्न/गराउन निर्देशन दिएको हो।

सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिले पनि आयोगद्वारा जारी आचारसंहिता कार्यान्वयन गर्नुपर्ने छ।

यस्तै अनुगमन समितिको पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, कर्मचारी र सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोको पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालयकाका शिक्षक तथा कर्मचारी, मतदाता र विकास साझेदार संस्थाले पनि आचारसंहिता पालना गर्नुपर्नेछ।

सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्रका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगले भोलि बुधबारदेखि निर्वाचन आचारसंहिता लागू गर्दैछ। आगामी मङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ। निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न आयोगले गत भदौ १३ गते नेपाल राजपत्रमा निर्वाचन आचारसंहिता, २०७९ प्रकाशन गरेको थियो। निर्वाचन सम्पन्न नभएसम्मका लागि आचारसंहिता लागू हुनेछ।

### पर्यटन वर्ष ...



व्यवसायी संघ सप्तरीका अध्यक्ष शैलेश चौधरीको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख बिरेन्द्र माझी, मधेश प्रदेश उद्योग वाणिज्य संघका उपाध्यक्ष अरुण प्रधान, जिल्ला अध्यक्ष लालु प्रसाद अग्रवाल, नाटाका प्रदेश उपाध्यक्ष हैदर अली, समाजसेवी सम्पत कोइराला, उमेश यादव लगायतले स्वागत सहित शुभकामना दिए।

कार्यक्रमका अधिकाँश वक्ताले कोभिड पछिको पर्यटनलाई अगाडी बढाउन सरकारी तवरबाट हुनु पर्ने सहयोग नपाएको गुनासो पोखे। उनीहरुले मुलुकको अर्थतन्त्रमा पर्यटन तथा होटल उधोगले ठुलो योगदान गरेको चर्चा गर्दै होटल उधोगलाई राष्ट्रि प्राथमिकतामा राख्न माग समेत गरे।

यसअघि मंगलबारै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकास्थित कंकालिनी मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई प्रोत्साहनका पर्यटकहरुलाई फुलमालाले स्वागत गरिएको थियो।

**महामारीप्रति संवेदनशिल भई चाडपर्व मनाऔं । आफ्नो स्वास्थ्यप्रति सजग रहौं ।**

### जसपाद्वारा राष्ट्रपतिको ...

भएको थियो।

सभालाई समाजवादी युवा संघका जिल्ला अध्यक्ष शिवम यादव, समाजवादी युवा संघका प्रदेश उपाध्यक्ष भुवनेश्वर यादव थापा, समाजवादी विद्यार्थी युनियनका जिल्ला अध्यक्ष संजय यादव, समाजवादी युवा संघका केन्द्रीय सचिव विशाल यादव, समाजवादी विद्यार्थी युनियनका केन्द्रिय सदस्य श्याम यादव, महिला नेतृ नितु पण्डित लगायतले सम्बोधन गर्दै संविधानको संरक्षक राष्ट्रपतीलाई मानिए पनि उनैबाट गैर संवैधानिक काम भएको भन्दै उक्त कदम विरुद्ध आन्दोलन चर्काउने चेतावनी दिएका थिए।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आकासियो अमेरिकी डलरको भाउ, बजारमा कस्तो पर्ला प्रभाव

काठमाडौं, ११ असोज (रासस) ।

एक अमेरिकी डलरको खरिदका लागि मंगलबार एक सय ३० रुपैयाँ ३० पैसा तिर्नुपर्छ । यस्तै बिक्री दर एक सय ३० रुपैयाँ ९० पैसा तोकिएको छ । यो हालसम्मकै बढी हो ।

लगातार उकालो लाग्दै अमेरिकी डलरको भाउ नयाँ बिन्दुमा पुग्दा त्यसबाट अर्थतन्त्रका समग्र क्षेत्रमा प्रभाव पर्न जान्छ । आयातमुखी अर्थतन्त्र भएको नेपालमा डलरको मूल्य बढ्दा त्यसले महँगी बढाउने र जनजीवन प्रभावित पार्ने छ । नेपाली रुपैयाँको भारतीय रुपैयाँसँग स्थिर विनिमय दर रहेको छ । अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ खस्किँदा त्यसको प्रभाव नेपाली रुपैयाँमा पनि परेको हो ।

रसिया र युक्रेन युद्धका कारण संसारभरकै अर्थतन्त्रमा चाप परेको तथा अमेरिकाको फेडरल रिजर्भले अगाडि सारेको नीतिका कारण पनि विश्वरभर नै डलर बलियो बन्दै गएको छ । अर्थशास्त्री डा चन्द्रमणि अधिकारीका अनुसार अमेरिकी डलरको मूल्यमा भएको लगातारको वृद्धिले मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेछ ।

नेपाल आयातमुखी अर्थतन्त्रमा आधारित देश भएकाले पनि डलरको मूल्य बढ्दा त्यसले माल वस्तुको आयातमा बढी मूल्य तिर्नुपर्ने अवस्थाको सिर्जना गरिदिएको छ । निर्यातको मात्रा ३० प्रतिशत भन्दा माथि रहेको भए डलरको मूल्य बढ्दा त्यसले सकारात्मक प्रभाव पार्ने भए पनि नेपालको अवस्था त्यस्तो नभएकाले समस्या नै उत्पन्न गर्ने डा अधिकारीको भनाइ छ । उहाँले विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्ने भए पनि पेट्रोलियम पदार्थको आयातका लागि गर्नुपर्ने खर्च तथा विभिन्न आयोजनाका लागि आयात गर्नुपर्ने उपकरण, परामर्शदातालाई तिर्नुपर्ने रकम तथा अन्य माल वस्तुको खरिदमा बढी पैसा भुक्तानी गर्नुपर्ने भएकाले डलरको मूल्यमा हुने वृद्धिले समस्या पार्न सक्ने बताउनुभयो ।

अमेरिकी डलरको मूल्यवृद्धि हुँदा विदेशबाट आउने विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्न सक्छ । चाडपर्वको समयमा बढी विप्रेषण भित्रने गर्छ । तर, विप्रेषण बढी भित्रिएपनि तीनका परिवारले विदेशबाट नै आयात गरिएका माल वस्तुको खरिद गर्दा देशभित्र पैसा रहने अवस्था भने कम नै हुने उहाँको भनाइ छ । पर्यटक बढी आएको भए डलरको मूल्यवृद्धिले सकारात्मक नै प्रभाव पार्ने थियो भन्नुहुन्छ डा अधिकारी ।

नेपाली मुद्रा सस्तो हुँदा डलर खर्च गर्ने पर्यटकलाई यहाँ आउन खर्चको हिसाबले थप प्रोत्साहन मिल्ने र नेपालको अर्थतन्त्रको उन्नयनमा साथ मिल्ने थियो । डलरको मूल्य बढ्ने वित्तिकै विदेशी मुद्रा खर्च गरेर गरिने आयातको मूल्य स्वतः बढ्न जान्छ । व्यापार घाटा बढ्दै जाँदा चालू तथा शोधान्तरमासमेत प्रभाव पर्न जाने डा अधिकारीको भनाइ छ । यसबाट मुलुकभित्र रहेको विदेशी मुद्राको भण्डारणमासमेत चाप पर्न जान्छ ।

डलरको मूल्यमा वृद्धि हुँदा बजारमा महँगीको मात्रामा वृद्धि हुन जान्छ । पेट्रोलियम पदार्थदेखि खाद्यान्नसम्मको आयात हुने हुँदा त्यसको प्रभाव बजारमा पर्न जान्छ । विदेशमा अध्ययन गर्न गएका विद्यार्थीलाई नकारात्मक प्रभाव पर्न जान्छ ।

नेपालले विदेशी दातृ निकायसँग लिएको ऋणको परिमाण पनि डलरको मूल्यवृद्धिले थप बढोत्तरी हुन जान्छ । विदेशी ऋणको सावाँ र ब्याज भुक्तानीका लागि सरकारले तय गरेको वित्तीय व्यवस्थामा यसको प्रभाव पर्न जान्छ र रकमको अभाव हुन जान्छ । नेपाली मुद्रा र भारतीय मुद्राका बीचमा स्थिर विनिमय दर भएकाले भारतमा हुने मूल्वृद्धिको चाप नेपालमा पर्न जान्छ । किनकी, नेपालको सबैभन्दा बढी व्यापार भारतसँग नै हुने गरेको छ । चालू आवको पहिलो महिनामा नै बिन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलव २६ प्रतिशत छ ।

वैदेशिकतर्फ चालू आवको पहिलो महिनामा कूल वस्तु निर्यात २८ दशमबल सात प्रतिशतले कमी आई रु १४ अर्ब ८१ करोड कायम छ । सो महिनामा रु एक खर्व ३१ अर्ब २९ करोड बराबरको वस्तु आयात भएको छ । सो महिनामा कूल व्यापार घाटा रु एक खर्ब १६ अर्ब ४८ करोड बराबरे छ । नेपाल राष्ट्र बैंकको पछिल्लो विवरण अनुसार देशभित्र कूल विदेशी सञ्चिती नौ अर्ब ४२ करोड अमेरिकी डलर छ । चालू खातातर्फ रु १६ अर्ब २६ करोडले घाटा छ । शोधनान्तर स्थिति रु २२ अर्ब ६३ करोडले घाटामा छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेंट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी
मोवाईल नं. ९८५२८२०९३५



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## शाहरूख खानविरुद्धको मुद्दा खारेज

नयाँ दिल्ली, ११ असोज (रासस ⁄ एएनआई) ।

सर्वोच्च अदालतले सोमबार शाहरूख खानविरुद्ध दर्ता भएको मुद्दा खारेज गरेको छ । न्यायाधीशद्वय अजय रस्तोगी र सीटी रविकुमारको इजलासले शाहरूख खानविरुद्ध उजुरीकर्ताले दायर गरेको निवेदन खारेज गरेको हो । सन् २०१७ मा आफ्नो फिल्म रईसको प्रमोशनका क्रममा बडोदरा रेलवे स्टेशनमा भागदौड मच्चाएको आरोपमा अभिनेता खान विरुद्ध फौजदारी मुद्दा उर्ता गरिएको थियो ।

## बाढीपछि पाकिस्तानमा डेङ्गुको संक्रमण बढ्दै

इस्लामावाद, ११ असोज (रासस ⁄ सिन्ह्वा) ।

यसवर्षको मनसुनी वर्षामा आएको बाढीबाट ठूलो पुगेको क्षति पुगेको पाकिस्तानमा पछिल्ला केही हप्तायता आएर डेङ्गुको प्रकोप थप बढेको छ । पाकिस्तानका स्वास्थ्य अधिकारीले जनाएअनुसार यहाँका बाढी प्रभावित क्षेत्रहरुमा डेङ्गुको प्रकोप बढेको र यसबाट मृत्यु हुनेहरुको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको छ । यसअघि मनसुनी वर्षा र बाढीबाट सबैभन्दा बढी प्रभावित देखिएका क्षेत्रमध्येको एक सिन्ध प्रान्तमा डेङ्गुबाट बढी प्रभावित देखिएको छ । यस प्रान्तमा डेङ्गुको ज्वरो बढेको र धेरै मानिस अस्पताल भर्ना भएका बताइएको छ । यस प्रान्तमा मात्र डेङ्गुको प्रकोपबाट गएको २४ घन्टा यतामात्र करिब चार सय जना सङ्क्रमित भएका छन् । त्यसपछिको सबैभन्दा बढी प्रभावित प्रान्त कराँचीमा पनि गएको २४ घन्टायता यो सङ्क्रमणबाट कम्तीमा पनि तीन सय ३० जना सङ्क्रमित भएका बताइएको छ । सिन्ध प्रान्तको प्रान्तीय स्वास्थ्य विभागका प्रमुखले सिन्ध र कराँचीमा डेङ्गुका कारण सङ्क्रमित मात्र नभएर मृत्यु हुनेको सङ्ख्या पनि बढ्दै गएको बताएका छन् । यस वर्षको मनसुनी वर्षाबाट सबैभन्दा बढी प्रभावित भएका यी प्रान्तमा बाढीका कारण बढेको फोहर र अन्य कारणले गर्दा यहाँ डेङ्गुको ज्वरोको प्रकोप बढेको बताइएको छ । यहाँ अहिलेसम्म आठ हजारजनाभन्दा बढीमा यो प्रकोप देखिएको सिन्ध प्रान्तको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् । पाकिस्तानमा यस वर्षको मनसुनबाट प्रभावित अर्को प्रान्त खैबर पाख्तुन्ख्वा हो र यहाँ पनि डेङ्गुको प्रकोप बढ्दो देखिएको छ । यहाँ पनि यसवर्ष मात्र कम्तीमा छ हजार जनामा यो सङ्क्रमण देखिएको खैबरको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् ।

## दक्षिण कोरियामा ३९ हजारभन्दा बढी संक्रमित

सोल, ११ असोज (रासस ⁄ सिन्ह्वा) ।

दक्षिण कोरियामा कोरोना भाइरसबाट थप ३९ हजारभन्दा बढी सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले मङगलबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा थप ३९ हजार चार सय २५ सङ्क्रमित भएका हुन् । योसँगै दक्षिण कोरियामा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या दुई करोड ४६ लाख ७३ हजार छ सय ६३ पुगेको स्वास्थ्य अधिकारीको भनाइ छ । दैनिक सङ्क्रमितको सङ्ख्या एक दिनअघिको तुलनामा बढेको देखिएको छ । अघिल्लो दिन १४ हजार एक सय ६८ सङ्क्रमित भएका थिए । अघिल्लो हप्ता औसतमा दैनिक सङ्क्रमितको सङ्ख्या ३० हजार तीन सय तीन रहेको थियो । अहिले सङ्क्रमित अवस्थामै रहेकामध्ये चार सय एक जना गम्भीर अवस्थामा रहेका छन् । यो सङ्ख्या भने अघिल्लो दिनको भन्दा २६ जनाले कम भएको छ । दक्षिण कोरियामा कोरोनाका कारण पछिल्लो एक दिनमा २६ जनाको मृत्यु भएको छ । योसँगै कोरियामा कोरानाका कारण कुल मृतकको सङ्ख्या २८ हजा दई सय ७२ पुगेको छ । विश्वका धेरै देशमा कोरोना भाइरसको महामारी अत्यन्त न्युन भइसक्दासमेत दक्षिण कोरियामा भने फैलिइरहेको छ । महामारी सुरु भएका बेला राम्रोसँग महामारी नियन्त्रण गरेको दक्षिण कोरिया अहिलेसम्म पूर्णरुपमा नियन्त्रण गर्न असफल भएको छ ।

## पाकिस्तानमा मनसुनी वर्षा र बाढीको कारण सोह्र सयभन्दा बढीको मृत्यु

इस्लामाबाद, ११ असोज (रासस ⁄ सिन्ह्वा) ।

पाकिस्तानमा यस वर्षको मनसुनी वर्षा र बाढीका कारण मृत्यु हुनेको सङ्ख्या १६ हजार ३८ पुगेको छ । यस प्रकोपमा परी पाकिस्तानमा १२ हजार आठसय ६५ घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडीएमए)ले सोमबार राति जनाएको छ । एनडीएमएले जारी गरेको प्रतिवेदनअनुसार देशमा छुट्टाछुट्टै वर्षा वा बाढी सम्बन्धी दुर्घटनामा ज्यान गुमाउनेमा पाँच सय ८८ बालबालिका र तीन ३२ महिला रहेका छन् । देशको दक्षिणी प्रान्त सिन्ध यस प्रकोपबाट सबैभन्दा प्रभावित भएको जनाइएको छ । सिन्ध प्रान्तमा यस प्रकोपमा परी सात सय ४७ जनाको मृत्यु भएको छ । त्यसपछि दक्षिणपश्चिम बलुचिस्तान र उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा क्रमशः तीन सय २३ र तीन सय छ जनाको मृत्यु भएको छ । यसबाहेक, पाकिस्तानका विभिन्न भागमा २० लाख ४९ हजार पाँच सय ३२ घर ध्वस्त भएका छन् । एघार लाख २० हजार दुई सय ६१ पशुधनको मृत्यु भएको प्रतिवेदनले जनाइएको छ । बाढीबाट करिब तीन करोड ३० लाख ४६ हजार तीन सय २९ मानिस र ८४ जिल्ला प्रभावित भएका छन् । यस वर्ष जारी रहेको यस प्रकोपमा परी १३ हजार ७४ किलोमिटर लामो सडक र चार सय १० पुलमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ ।

# बजाजको थप दुई नयाँ मोडलका बाइकको बिक्रि सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

दशौं, तिहार र छठ पर्वको अवसरमा हंसराज हुलास चन्द एण्ड कम्पनीले “बजाज आधाको आधा” नामक ग्राहक योजना ल्याएको छ ।

बजाजको आधिकारिक बिक्रेता राजविराजस्थित खान आटोमोवाइलले थप दुई नयाँ मोडलका बाइकको मंगलबारदेखी बिक्रि सुरु गरेको छ ।

एन२५०बिएस-भिआई मोडलको ४ लाख ९९ हजार मुल्य पर्ने २४९.०७ सीसी मोडल र एन१६०बिएस-भिआई मोडलको ३ लाख ७९ हजार ९ सय मुल्य पर्ने १६४ सीसी मोडलको पल्सर बाइकको बिक्रि सुरु गरेको अटोमोवाइलका संचालक कलिम खानले जानकारी दिए ।

योजना अन्तरगत ग्राहकहरुलाई आफूले खरीद गर्न लागेको बाइकको मुल्यको आधाको आधा अर्थात २५ प्रतिशत मात्र डाउन पेमेण्ट गरि बाइक लैजान सक्ने सुविधा दिइएको छ । यस योजनामा हरेक बाइकको खरीदमा ७ हजार नगद छुट र फाइनान्सको सुविधा समेतको व्यवस्था गरिएको संचालक खानले बताए ।

यसअघि एनएस मोडलको २ लाख ७९ हजार ९ सय मुल्य पर्ने पल्सर १२५ सीसी मोडलका बाइकहरुको बिक्रि सुरु भइसकेको संचालक खानले जानकारी दिए ।

दुबै मोडलका बाइकको राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परबीनले एक कार्यक्रमबीच उद्घाटन गरिन् । सो उद्घाटन कार्यक्रममा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल समेतको उपस्थिति रहेको थियो ।

# थप ५४ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, ११ असोज (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप ५४ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार आठ सय २९ जनाको नमूना परीक्षण गरिएको थियो ।

एक हजार सात सय २९ जनाको पिसिआर र दुई हजार एक सयको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ७६ जना कोरोनाबाट मुक्त भएका छन् । योसँगै कोरोनाबाट मुक्त हुनेको संख्या नौ लाख ८६ हजार चार सय ९५ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत छ ।

हाल सक्रिय कोरोना संक्रमितको संख्या एक हजार एक सय ४४ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १६ पुगेको छ । हाल होम आइसोलेसनमा एक हजार ९४, संस्थागत आइसोलेसनमा ५० र आइसियुमा १२ संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

हाल देशभर दुई सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौँ रहेको छ । शून्य संक्रमित रहेका जिल्लामा ताप्लेजुङ, तेह्रथुम, भोजपुर, सिन्धुली, मनाङ, मुस्ताङ, म्याग्दी, हुम्ला, डोल्पा, कालीकोट, रुकुम पश्चिम, जाजरकोट, दैलेख, मुगु, जुम्ला र दार्चुला छन् । उपत्यकाको काठमाडौँमा चार सय ५५, ललितपुरमा एक सय ६० र भक्तपुरमा २० जना सक्रिय संक्रमित छन् । कूल संक्रमण दर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

# राजनीतिक दललाई आयोगको ६० बुँदे निर्देशन

काठमाडौँ, ११ असोज (रासस) ।

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन राजनीतिक दलहरुलाई ६० बुँदे निर्देशन दिएको छ ।

आयोगको मंगलबार बसेको बैठकले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०७९ मा भएका कानुनी व्यवस्था कार्यान्वयन र परिपालना गर्न निर्वाचन प्रयोजनका लागि दर्ता भएका राजनीतिक दललाई सो निर्देशन दिएको हो ।

दर्ता भएका दलहरुले निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई उम्मेदवार दिन वा प्रचारप्रचार गर्न, मतदानको अधिकारबाट वञ्चित गराउन, हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्न नपाउने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

निर्वाचनको अवधिभित्र कुनै पनि मतदातालाई मतदानको अधिकार प्रयोग गर्न वा नगर्नका लागि तथा मतदानको अधिकार प्रयोग गरे वा नगरेबापत उपहार, पुरस्कार, इनाम, दानदातव्य र बकसका रुपमा नगद वा जिन्सी नदिन, सार्वजनिक भोजभतेरको आयोजना नगर्न आयोगले निर्देशन दिएको छ ।


## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष**
**तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**


## सूचना । सुचना ॥ सुचना ॥।

गैसस महासंघ सप्तरीमा आवद्ध गैसस सदस्यहरु नविकरणको म्याद नाघी सकिसकेकोले ती संस्थाहरुलाई नविकरण गर्न तथा गैसस महासंघ सप्तरीमा नयाँ आवद्धताका लागी तपशिलको कागजात सहित २०७९ असोज २५ गते सम्म नविकरण तथा आबद्धताको लागी यो सुचना प्रकाशन गरिएको छ । साथै नविकरण वा आवद्धता नभएको संस्थालाई आउँदो गैसस महासंघको साधारण सभामा सहभागीता नगराईने समेत जानकारी गराईन्छ ।

**तपसिल :**

१. संस्थको नविकरण प्रमाणपत्र
२. समाज कल्याण परिषदको नविकरण प्रमाणपत्र
३. कर चुक्ता प्रमाणपत्र

**दिपककुमार झा (९८०१५००५००)**
**सचिव**
**गैसस महासंघ सप्तरी**

## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*